# बैजनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.सं. ०८३/८४
च.नं.

रामपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

(प्रथम पटक संसोधित मितिः २०८३।०५।०३)

प्रस्तुत सन्दर्भमा यस बैजनाथ गाउँपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार किसानसँग पालिका प्रमुख कार्यक्रम अन्तर्गत ७० प्रतिशत अनुदानमा तपशिलमा उल्लेखित कृषिसम्वन्धि औजार. यन्त्र र उपकरण वितरण गर्नुपर्ने भएकाले यस गाउँपालिका क्षेत्रभित्र रहेका व्यवसायिक किसान, कृषि समूह, कृषि फर्म र कृषि सम्वन्धि सहकारीले आफुलाई आवश्यक पर्ने कृषिसम्वन्धि औजार. यन्त्र ,उपकरण र ढुवानीका साधन आवश्यक कागजात सहित २०८३/०५/२५ गते कार्यालय समय भित्र यसै सूचना साथ प्रकाशित निवेदनको ढाँचामा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

<u>वितरण गरिने कृषि सम्वन्धि औजार, यन्त्र र उपकरणको विवरण</u>

- पावर टिलर
- मिनि टिलर
- पावर टिलर तथा मिनि टिलरका लागि सहायक सामग्री ढाला(ट्राली)
- पावर टिलर तथा मिनिटिलरका लागि सहायक सामग्री आलु रोप्ने, उखेल्ने तथा आलुको ड्याङ्ग बनाउने मेशिन

<u>निवेदन साथ सँलग्न गर्नुपर्ने कागजातहरुको विवरण</u>

१. तोकिएको ढाँचाको निवेदन

२. सम्वन्धित वडाको सिफारिश पत्र( कृषि सम्वन्धि औजार, यन्त्र र उपकरणको नाम किटान गरिएको हुनुपर्ने)

३. व्यवसायिक किसानको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

४. कृषक समूहको हकमा समूह दर्ता प्रमाण पत्र (चालु आ.व. का लागि नविकरण भएको हुनुपर्ने) र समूहका सदस्यहरुको नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

५. कृषि फर्म र कृषि सम्वन्धि सहकारीको हकमा फर्म दर्ता प्रमाण पत्र ( नवीकरण भएको हुनुपर्ने), प्यान दर्ता प्रमाण पत्र, पालिकामा सूचिकृत भएको प्रमाण पत्र र आ.व. २०८२।०८३को कर चुक्ता गरिएको प्रमाण पत्रको प्रतिलिपी

६. कृषक समूह, कृषि फर्म र कृषि सहकारीको हकमा आधिकारिक व्यक्ति तोकि अख्तियारनामा दिइएको र कुन सामग्री माग गर्ने हो सो स्पष्ट खुलाई गरिएको निर्णयको प्रमाणित प्रतिलिपी

२०८३/५/१२

प्रमोद कुमार विश्वकर्मा
कृषि शाखा प्रमुख

७. आफ्नो स्वामित्वको बहालमा रहेको जग्गाको हकमा कम्तिमा १० (दश) कठ्ठा क्षेत्रफल भएको जग्गा धनी पूर्जाको प्रतिलिपि तथा बहालमा रहेको जग्गाको हक्मा बहालमा लिइएको सम्बन्धित वडा कार्यालयले प्रमाणित गरेको सम्झौता र बहाल कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि र प्रति/ऐलानी जग्गाको हकमा बाहाल बिरौटि शुल्क तिरेको रसिदको प्रमाणित प्रतिलिपि ।

नोटः-

- माथि उल्लेखित कृषि सम्बन्धित औजार,यन्त्र र उपकरण मध्ये जुन जुन माग गर्ने हो प्रत्येकको आवश्यक कागजात सहित छुट्टाछुटै फायल खडा गरि छुटाछुटै निवेदन पेश गर्नु पर्नेछ ।
- रित नपुगी र म्याद नाघी आएको निबेदनलाई छनौट प्रक्रियामा समाबेश गरिने छैन ।
- निबेदनसाथ संलग्न कागजातहरु निवेदक स्वयमले सक्कल बमोजिम नक्कल ठिक छ भनि स्वयमले हस्ताक्षर गरि प्रमाणित गर्नु पर्नेछ ।
- मिति २०८३/०५/०२ गते प्रकाशित सूचनालाई प्रथम पटक संसोधन गरि प्रकाशित गरिएको व्यहोरा समेत अनुरोध छ ।
- आर्थिक बर्ष २०७९/०८० देखि आर्थिक बर्ष २०८२/०८३ सम्म किसानसँग पालिका प्रमुख कार्यक्रममा सहभागी भइ कृषि यान्त्रिकरणका सामाग्री पावरटिलर/मिनीटिलर प्राप्त गरि सकेका कृषि फार्म,कृषकहरुले माथि उल्लेखित कृषि यन्त्र पावरटिलर/मिनीटिलर माग गर्न पाउने छैन ।

२०८३/५/१२

प्रमोद कुमार विश्वकर्मा
कृषि शाखा प्रमुख

मितिः- २०८३/०५/.......

श्रीमान् अध्यक्ष ज्यू,
बैजनाथ गाउँपालिका,रामपुर,बाँके ।

बिषयः- कृषि सम्बन्धि यन्त्र/उपकरण/सामग्री माग गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तहाँ गाउँपालिकाद्वारा मिति २०८३/०५/०३ गते प्रकाशित सूचना अनुसार किसानसँग पालिका प्रमुख कार्यक्रम अन्तर्गत ७० प्रतिशत अनुदानमा वितरण गरिने कृषि सम्बन्धि यन्त्र,उपकरण र औजार मध्ये तपसिलमा उल्लेखित यन्त्र/उपकरण/औजार आवश्यक रहेकोले सो यन्त्र/उपकरण/औजारका लागि तहाँ पालिकाको नियमानुसार छनौट गरि दिन हुन अनुरोध छ ।

यस निबेदनसाथ संलग्न विवरण तथा कागजातहरु सत्य तथ्य भएको, आ.व.२०७९/०८० देखि हालसम्म किसानसँग पालिका प्रमुख कार्यक्रम अन्तर्गत ७० प्रतिशत अनुदानमा वितरण गरिने तपसिलको यन्त्र/उपकरण/औजार अनुदानमा प्राप्त नगरेको तथा म र मेरो/हाम्रो कृषक समुह,फार्म,सहकारी सस्थाका सदस्यहरु यस बैजनाथ गाउँपालिका अन्तर्गतका जनप्रतिनिधि तथा गाउँपालिकाको कार्यलय र वडा कार्यालयमा कार्यरत कर्मचारी नरहेको स्व-घोषणा गर्दछु ।झुटा ठहरिए प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

माग गरिएको यन्त्र/उपकरण/सामग्रीको विवरण (कुनै एकको मात्र उल्लेख गर्ने)

माग गरिएको समाग्रीको विवरणः

१.

निवेदक

हस्ताक्षरः

नामः

सस्थाको नामः

ठेगाना :

सस्था भए सस्थाको छापः

सम्पर्क नम्बरः